मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८०**

**तह: बी.एड./ दोस्रो सेमेस्टर** **पूर्णाङ्क : ६०**

**समय : ३ घण्टा** **उत्तीर्णाङ्क : ३०**

**विषय :** आधुनिक नेपाली उपन्यास (नेपा.शि. ४२५/३२६)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।*

**समूह 'ख'** **६×५= ३०**

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. 'मुलुक बाहिर' उपन्यासको परिवेश र यसको शीर्षक सार्थकता देखाउनुहोस् ।

२. 'महत्ताहीन' उपन्यासको विसङ्गत पक्ष के हो ? उल्लेख गर्नुहोस् ।

३. विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण गर्नुहोस् ।

**अथवा**

आधुनिक नेपाली उपन्यासका प्रमुख प्रवृत्तिहरू उल्लेख गर्नुहोस् ।

४. 'तीनघुम्ती' उपन्यामा नारीवादी चेतनाको प्रयोग गरिएको छ भन्ने स्पष्ट पार्नुहोस् ।

५. प्रसङ्गसहित व्याख्या गर्नुहोस् ।

"दुःखको भवसागरमा फस्न सराप परेको रेछ । दुःखले ऐलेसम्म पनि लखेट्न छाडेको छैन । त्यसैले पण्डितवाबू सुन्नोस् यो आइमेको जुनी पाउनुभन्दा त नर्कको कीरा भेर जन्मिनु वेस"

६. प्रयोगमुलक उपन्यासका रुपमा 'उपसंहार अर्थात चौथो अन्त्य'को विश्लेषण गर्नुहोस् ।

**अथवा**

प्रगतिवादी मान्यताका आधारबाट 'प्रेतकल्प'को विश्लेषण गर्नुहोस् ।

**समूह 'ग'** **२ × १०= २०**

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७. औपन्यासिक तत्वका आधारमा 'मानसी' उपन्यासको विश्लेषण गर्नुहोस् ।

८. उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र बलदेव मजगैयाँका प्रवृत्तिगत समानता र भिन्नताको विवेचना गर्नुहोस् ।

**अथवा**

'भोक र भित्ताहरू' उपन्यासका आधारमा दौलतविक्रम विष्टका औपन्यासिक प्रवृत्तिहरू केलाउनुहोस् ।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८०**

**तह: बी.एड./दोस्रो सेमेस्टर**

**विषय :** आधुनिक नेपाली उपन्यास (नेपा.शि. ४२५/३२६)

---

**रोल नं. ....................**

**समूह 'क'** **१०×१ =१०**

**सर्वोपयुक्त उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।**

१. "पूर्वापर तारतम्यमा सुसम्वद्ध गरेर लेखिएको आख्यानात्मक रचना नै उपन्यास हो" भनी परिभाषित गर्ने विद्वान को हुन् ?
(क) राजेन्द्र सुवेदी (ख) कृष्णचन्दसिह प्रधान
(ग) गोविन्द गोठाले (घ) वासुदेव त्रिपाठी

२. पुरुष मनोविज्ञानमा आधारित उपन्यास कुन हो ?
(क) मानसी (ख) तीन घुम्ती
(ग) प्रेतकल्प (घ) भोक र भित्ताहरू

३. उपन्यास र कथा वीचमा अन्तर पार्ने मुख्य पक्ष कुन हो ?
(क) आख्यानात्मक तत्व (ख) आयाम
(ग) घटना श्रृङ्खला (घ) विषयवस्तु

४. 'मुलुक बाहिर' उपन्यासको विवेकी र सहानुभूतिशील पात्र को हुन ?
(क) शेर्वा वुढा (ख) रने
(ग) खालिङ् वुढा (घ) माइला भुजे

५. नेपाली उपन्यासमा सामाजिक यथार्थवाद भित्राउने पहिलो उपन्यासकार को हुन् ?
(क) लैनसिहं वाङ्देल (ख) वलदेव मजगैयाँ
(ग) पारिजात (घ) ध्रुवचन्द्र गौतम

६. 'तीन घुम्ती' उपन्यासमा इन्द्रमायाको जीवनको कुन घुम्तीमा मातृवात्सल्य भाव प्रष्ट देखिन्छ ?
(क) पहिलो (ख) तेस्रो
(ग) दोस्रो (घ) पहिलो र तेस्रो

७. नेपाली उपन्पयासको विकासमा ध्रुवचन्द्र गौतमको उपस्थिति किन महत्वपूर्ण मानिन्छ ?
(क) अस्तित्ववादको प्रवर्तनले (ख) मानवतावादको प्रवर्तनले
(ग) यथार्थवादको प्रवर्तनले (घ) आञ्चलिकताको प्रवर्तनले

८. 'प्रेतकल्प' उपन्यासकार को हुन ?
(क) लैनसिंह वाङ्देल (ख) नारायण ढकाल
(ग) ध्रुवचन्द्र गौतम (घ) पारिजात

९. 'महत्ताहीन' उपन्यासमा निस्सारताको बोध नहुने पात्र कुन हो ?
(क) म पात्रकी श्रीमती (ख) म पात्र
(ग) शियाकी आमा (घ) शिया

१०. 'मानसी' उपन्यासको कथावस्तु कसरी अन्त्य भएको छ ?
(क) आकस्मिक रुपमा (ख) प्रतीकात्मक रूपमा
(ग) नाटकीय रुपमा (घ) नियोजित रुपमा